(दफा २० को उपदफा (४) सँग सम्बन्धित)

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# ~~नेपाल~~ इन्जिनियरिङ कम्पनी लिमिटेडको

# नियमावली

## परिच्छेद-१

## प्रारम्भिक

१. **कम्पनीको नामः**

यस कम्पनीको नाम ~~नेपाल~~ इन्जिनियरिङ कम्पनी लिमिटेड हुनेछ । अँग्रेजिमा ~~**Nepal**~~ **Engineering Company Limited** हुनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालयः**

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठकाडौ जिल्ला का.जि.का.म.पा. वडा नं. ३१ मा रहनेछ ।

३. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्दछ ।

(ख) "प्राधिकरण" भन्नाले नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्दछ ।

(घ) "कम्पनी" भन्नाले कम्पनी ऐनबमोजिम संस्थापित नेपाल इन्जिनियरिङ कम्पनी लिमिटेड सम्झनु पर्दछ ।

(ङ) "पदाधिकारी" भन्नाले कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख, प्रवन्धक, कम्पनी सचिव, लिक्विडेटर, वा विभागीय जिम्मेवारी लिने कुनै कर्मचारीसमेत सम्झनु पर्दछ ।

(च) "सभा" भन्नाले कम्पनीको साधारण सभा सम्झनु पर्दछ ।

(छ) "प्रबन्ध-पत्र " भन्नाले कम्पनीको प्रबन्ध-पत्र सम्झनु पर्दछ ।

(ज) "नियमावली" भन्नाले कम्पनीको नियमावली सम्झनु पर्दछ ।

(झ) "संस्थापक" भन्नाले ऐनबमोजिम कम्पनी स्थापना गर्नको लागि प्रबन्ध-पत्र र नियमावलीमा शेयर लिन कबुल गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने व्यक्ति वा संस्थाको प्रतिनिधि सम्झनु पर्दछ ।

(ञ) "समिति" भन्नाले कम्पनीको सञ्चालक समिति सम्झनु पर्दछ ।

(ट) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र वैकल्पिक सञ्चालकसमेतलाई जनाउनेछ ।

(ठ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(ड) "कार्यकारी प्रमुख" भन्नाले कम्पनीको कार्यकारी अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, कार्यकारी निर्देशक, प्रबन्ध निर्देशक, प्रबन्ध सञ्चालक, कार्यकारी सञ्चालक वा महाप्रबन्धक

सम्झनु पर्दछ र सो शब्दले कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्ने अन्य पदाधिकारीसमेतलाई जनाउँछ ।

(ढ) "कम्पनी सचिव" भन्नाले कम्पनी ऐनबमोजिम नियुक्त कम्पनीको कम्पनी सचिव सम्झनु पर्दछ ।

(ण) "सम्बन्धीत निकाय" भन्नाले प्रचलित ऐनबमोजिम स्थापना भएको कार्यालयलाई सम्झनु पर्दछ ।

(त) "ग्राहक" भन्नाले कम्पनीसँग कारोबार गर्ने कुनैपनि राष्ट्रिय अन्तर्राष्ट्रिय व्यक्ति, कम्पनी, फर्म, संस्थान, संस्था वा अन्य कुनै प्रतिष्ठान तथा निकायलाई सम्झनु पर्दछ ।

(थ) "साधारण सभा" भन्नाले कम्पनीको शेयरधनीहरुको वार्षिक साधारण सभा र विशेष साधारण सभा सम्झनु पर्दछ ।

(द) "शेयर" भन्नाले कम्पनीको शेयर पुँजीको विभाजित अंश सम्झनु पर्दछ ।

(ध) "शेयरधनी" भन्नाले कम्पनीको शेयरमा स्वमित्व भएको व्यक्ति सम्झनु पर्दछ ।

(न) "क" समूहका शेयरधनी भन्नाले संस्थापक शेयरधनी सम्झनु पर्दछ ।

(प) "ख" समूहका शेयरधनी भन्नाले सार्वजनिक रुपमा बिक्री भएको शेयर खरीद गर्ने सर्वसाधारण शेयरधनी सम्झनु पर्दछ ।

(फ) "शेयरप्रमाण पत्र" भन्नाले कम्पनीको शेयर किन्ने व्यक्तिलाई कम्पनीबाट प्रमाणको रुपमा दिईएको निस्सा सम्झनु पर्दछ ।

(ब) "लाभांश" भन्नाले कम्पनीले आर्जन गरेको मुनाफामध्येबाट शेयरधनीहरुलाई वितरण गरिने मुनाफाको हिस्सा सम्झनु पर्छ र सो शब्दले मुनाफामध्येबाट वितरण गरिएको बोनश शेयरसमेतलाई जनाउँछ ।

(भ) "बोनश शेयर" भन्नाले कम्पनीको मुनाफाबाट भएको बचत वा जगेडा कोषलाई पुँजीकरण गरी शेयरधनीहरुलाई अतिरिक्त शेयरको रुपमा जारी गरिएको शेयर सम्झनु पर्छ र सो शब्दले बचत वा जगेडा कोषलाई पुँजीकरण गरी शेयरको चुक्ता मूल्य वृद्धि गरेको अवस्थासमेतलाई जनाउँछ ।

(म) "तरल सम्पती" भन्नाले कम्पनीको नगद मौज्दात, सम्बन्धीत निकायमा राखेको मौज्दात र कम्पनीको तरल सम्पती भनी निर्धारण गरिदिएको सम्पती सम्झनु पर्दछ ।

(य) "छाप" भन्नाले कम्पनीको नामबाट कामकारबाहीमा प्रयोग गरिने सामान्य छाप सम्झनु पर्दछ ।

(र) "लिखत" भन्नाले हस्तलिखित, छापिएको, टाइप गरिएको, लिथो गरिएको वा अन्य कुनै किसिमले हुवहु प्रस्तुत वा पुनः उत्पादन गरिएको कुनै पनि लिखत सम्झनुपर्छ । सो शब्दले फोटोकपी, माईक्रो-फिल्म, कम्पनीले उपयोगमा ल्याएको सूचना प्रणाली तथा कम्प्यूटर सफ्टवेयरबाट नियमितरुपमा उत्पत्ति हुने स्टेटमेन्ट, प्रतिवेदन र सूचनासमेतलाई जनाउँछ ।

४. <u>कम्पनीको उद्देश्यः</u>

कम्पनीको उद्देश्य प्रवन्धपत्रको दफा ४ मा उल्लेख भएबमोजिम हुनेछ ।

## परिच्छेद - २
## शेयर पुँजी तथा ऋण

५. **शेयरको अङ्कित मूल्यः**

यस कम्पनीको शेयरको अङ्कित मूल्य रु.१००।- हुनेछ ।

६. **शेयरमा लियन रहने कुराः**

शेयरधनीहरुले कम्पनीलाई तिर्न बाँकी रहेको शेयरबापतको रकम वा कम्पनीलाई कानूनबमोजिम बुझाउनु पर्ने बाँकी रकमबापत निजहरुका नाममा दर्ता भएको शेयर र सो बापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दाबी रहनेछ ।

७. **विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरुः**

साधारण शेयरबाहेक अन्य वर्गका शेयरको सम्बन्धमा हाललाई कुनै व्यवस्था गरिएको छैन । साधारण शेयरको समूहगत संरचना प्रबन्ध-पत्रको दफा ६ मा उल्लेख गरिएबमोजिम हुनेछ ।

८. **नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धीत वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिनेः**

हाल विभिन्न वर्गका शेयरहरु जारी गरिएको छैन । सो सम्बन्धी व्यवस्था गर्नुपरेको खण्डमा प्रचलित कानूनको अधीनमा रही सम्बन्धीत निकायको स्वीकृति लिई विभिन्न वर्गका शेयर खरिद गर्ने शेयरधनीका अधिकारीमा हेरफेर गर्दा त्यस्ता वर्गका शेयरधनीहरुको स्वीकृतिको सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।

९. **अग्राधिकार शेयरः**

कम्पनीको सम्पूर्ण शेयरहरु साधारण शेयरले बनेको हुँदा हाल अग्राधिकार शेयरसम्बन्धी व्यवस्था गरिएको छैन । सो शेयरसम्बन्धी व्यवस्था गर्नुपरेको खण्डमा प्रचलित कानूनको अधीनमा रही सम्बन्धीत निकायको स्वीकृति लिई अग्राधिकार शेयर जारी गर्नेसम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।

१०. **संस्थापकले लिनुपर्ने शेयरः**

कम्पनीको संस्थापक हुन कम्पनी स्थापना गर्ने समयमा कम्पनी रजिष्ट्रार कार्यालयमा पेश गरिएको प्रबन्ध-पत्र तथा नियमावली अनुसार कम्तीमा १००० कित्ता शेयर लिएको हुनु पर्नेछ ।

११. **शेयरबापतको रकमको भुक्तानीको माग तथा शेयर जफतसम्बन्धी व्यवस्थाः**

कम्पनीले आवश्यकतानुसार शेयरबापतको रकमको भुक्तानी माग गर्नेछ । शेयरबापतको रकमको भुक्तानी तथा शेयर जफतसम्बन्धी अन्य कुरा ऐनबमोजिम हुनेछ ।

१२. **शेयर बिक्री वा धितोवन्धकसम्बन्धी व्यवस्थाः**

(१) कम्पनीको शेयर चल सम्पतिसरह अर्को व्यक्तिलाई बिक्री गर्न वा धितोबन्धक राख्न सक्नेछ ।

(२) शेयर बिक्री वा धितोबन्धक र दाखिल-खारेजसम्बन्धी व्यवस्था ऐनबमोजिम हुनेछ ।

(३) संस्थापक वर्गको शेयर हस्तान्तरण ऐन, कम्पनी ऐन तथा धितोपत्र कारोबार सम्बन्धी प्रचिलित कानून, प्रबन्ध-पत्र तथा नियमावलीको अधीनमा रही गरिनेछ ।

१३. **शेयरको प्रमाण पत्रः**

कम्पनीले जारी गर्ने शेयरको प्रमाण-पत्रमा सञ्चालक समितिको अध्यक्ष र कम्पनी सचिव दुई जनाको दस्तखत हुनेछ ।

१४. **शेयर पुँजी हेरफेर गर्ने कुराः**

साधारण सभाबाट प्रस्ताव पारित गरी साधारण सभाको निर्णयबाट ऐनबमोजिम कम्पनीको शेयर पुँजी हेरफेर गर्न सकिनेछ ।

१५. **आफ्नो शेयर आफैले खरिद गर्ने सम्बन्धी व्यवस्थाः**

कम्पनीले आफ्नो शेयर आफैं खरिद गर्दा प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही गरिनेछ ।

१६. **ऋण वा डिबेञ्चरसम्बन्धी व्यवस्थाः**

कम्पनीले डिबेञ्चर उठाउँदा सम्बन्धीत निकायको स्वीकृति लिई प्रचलित कम्पनी कानूनको अधीनमा रही गरिनेछ ।

१७. **शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरीक्षणः**

शेयरधनी वा डिबेञ्चरवालाले कम्पनीको शेयर वा डिबेञ्चर दर्ता किताब निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ ।

तर कम्पनीले आफ्नो सूचना पाटीमा ७ दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

## परिच्छेद - ३
## साधारण सभा

१८. **साधारण सभासम्बन्धी व्यवस्थाः**

(१) यस कम्पनीको साधारण सभा देहायबमोजिम हुनेछन्ः

क) वार्षिक साधारण सभा

ख) विशेष साधारण सभा

(२) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनीले कार्यालयबाट कारोबार गर्न स्वीकृति पाएको मितिले एक बर्षभित्र गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र गरिनेछ ।

(३) यस कम्पनीको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै सभा हुने मिति, स्थान, समय र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइनेछ ।

(४) सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनेछ ।

(५) उपनियम (४) मा उल्लिखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा सञ्चालक समितिको कूल सञ्चालकहरुमध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित भई सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् । यसरी साधारण सभा बोलाउन सबै शेयरधनीलाई उपनियम (३) बमोजिमको सूचना दिनुपर्नेछ । यसरी बस्ने सञ्चालक समितिको बैठक र साधारण सभामा अध्यक्ष उपस्थित भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुमध्येबाट छानिएको सञ्चालकले सञ्चालक समितिको बैठक तथा साधारण सभाको अध्यक्षता गर्नेछ ।

(६) उपनियम (३) वा (५) बमोजिम बोलाइएको साधारण सभामा नियम २३ बमोजिमको गणपूरक संख्या नपुगी त्यस्तो सभा हुन नसकेमा कम्तीमा सात दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ । त्यस्तो सूचना कम्तीमा सात दिन अघि कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रितपूर्वकको सूचना दिएको मानिनेछ ।

(७) कुनै शेयरधनीको ठेगानामा सूचना पठाउन छुट भएको वा सूचना प्राप्त नभएमा सोही कारणले मात्र कुनै साधारणसभामा भएको काम कारबाही वा पारित कुनै प्रस्तावहरु बदर वा अमान्य हुने छैनन् ।

(८) सञ्चालक समितिलाई कुनै पनि साधारणसभा स्थगित गर्ने अधिकार हुनेछ । तर सभा स्थगन गर्न आवश्यक भएमा सम्बन्धीत निकायलाई यथाशीघ्र सोको सूचना दिनु पर्नेछ ।

१९. **साधारण सभाको कार्यविधिः**

(१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।

(२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट छानिएको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ । तर साधारण सभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफूमध्येबाट छानेको शेयरधनीले साधारण सभाको अध्यक्षता गर्नेछ ।

(३) सभाको काम कारबाही प्रारम्भ हुनुअघि सभाको वैधताबारे छलफल गरी गणपूरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपूरक संख्या पुगेको पाइएमा सो सभाको अध्यक्षको अनुमतिले विधिवत सञ्चालन हुनेछ ।

(४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरुमध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

(६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) कूल शेयर पुँजीको सतसठ्ठी प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

(८) कुनै विषयमा शेयरधनीहरुको मत सङ्कलन गर्नुपर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत सङ्कलन गरिनेछ ।

(९) साधारणसभामा अध्यक्षले तोकेबमोजिम शेयरधनीले आवश्यकतानुसार पालै पालोसंग बोल्ने गरी छलफलमा भाग लिने छन् ।

(१०) साधारण सभाको अध्यक्षता गर्ने व्यक्तिले आवश्यकताअनुसार सभा स्थगित गर्न सक्नेछ । जुन साधारण सभा स्थगित भएको हो, सो सभा हुने दिनभन्दा पहिले वा पछि कम्पनी ऐनअनुसार सूचना दिइएको कुनै पनि विषयउपर यसरी स्थगित भई बोलाइएको सभामा छलफल र निर्णय गर्न सकिनेछ ।

(११) साधारण सभासम्बन्धी अन्य व्यवस्थाहरु कम्पनी ऐनमा उल्लेख भएबमोजिम हुनेछ ।

२०. साधारण सभामा पेश गर्ने अन्य विषयः

कम्पनी ऐनमा उल्लेख भएका विषयहरु बाहेक साधारण सभामा पेश गर्नुपर्ने अन्य केही विषय भएमा सञ्चालक समितिले निर्णय गरी पेश गर्न सक्नेछ ।

२१. विशेष प्रस्तावः

कम्पनी ऐनमा उल्लेख भएबाहेकका विषयमा सञ्चालक समितिले निर्णय गरी विशेष प्रस्ताव सम्बन्धी प्रावधान थप गर्न सक्नेछ ।

२२. विशेष साधारण सभाः

(१) कम्पनी कानूनमा उल्लेख भएबमोजिमको विशेष साधारण सभा बोलाउन सकिने कुनै अवस्था उत्पन्न भएमा कम्पनीको विशेष साधारण सभा बोलाइनेछ ।

(२) विशेष साधारण सभा सम्बन्धी अन्य व्यवस्थाहरु वार्षिक साधारण सभा सरह हुनेछ ।

२३. गणपुरक संख्याः

बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा पचास प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुने छैन ।

तर नियम १८ को उपनियम (६) मा उल्लेख भएबमोजिम पुनः बोलाइएको साधारण सभामा कूल शेयर संख्याको कम्तीमा पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा सञ्चालन गर्न वाधा पर्नेछैन ।

२४. प्रोक्सी मतसम्बन्धी व्यवस्थाः

(१) प्रचलित कानूनबमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ ।

(२) कुनै शेयरधनीले प्रतिनिधि नियुक्त गरी आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ ।

(३) कुनै शेयरधनी स्वयम् साधारण सभामा उपस्थित हुन नसकी सो सभामा उपस्थित हुन र आफ्नो मत प्रयोग गर्न पाउनेगरी प्रतिनिधि नियुक्त गर्नुपर्दा कम्पनीको अर्को कुनै शेयरधनीबाहेक अन्य कसैलाई प्रतिनिधि नियुक्त गर्न (प्रोक्सी दिन) पाइने छैन ।

(४) प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने कम्पनीको अधिकतम शेयर हिस्साको मतदान सीमाभन्दा बढी हुने छैन ।

(५) कुनै सञ्चालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

२५. <u>मतदानः</u>

(१) ऐन तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयरबापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ ।

(२) फरक मताधिकार भएका शेयरहरु हाल जारी गरिएको छैन ।

(३) साधारण सभामा मताधिकार नहुने शेयर जारी गरिएको छैन ।

(४) सञ्चालक निर्वाचन गर्दा एक शेयरको एक मतभन्दा बढी हुनेगरी मतदान गर्न पाइने छैन ।

(५) सञ्चालक निर्वाचन गर्दा व्यावसायिक विशेषज्ञ सञ्चालकको हकमा सञ्चालक समितिद्वारा र अन्य सञ्चालकहरुको हकमा समूहगत मनोनयन वा मतदान प्रक्रियाद्वारा गरिनेछ ।

२६. <u>साधारण सभाको निर्णय विवरणको अभिलेखः</u>

(१) ऐनअनुसार खुलाउनुपर्ने कुरा खुलाई साधारण सभाको काम कारबाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख गरी राखिनेछ । त्यस्तो विवरणमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नुपर्नेछ । कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्नेछ ।

(२) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारबाहीको विवरणको अभिलेख कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनुपर्नेछ ।

## परिच्छेद - ४
## <u>सञ्चालक समिति</u>

२७. <u>सञ्चालक समितिको गठन, संख्या र कार्यकालः</u>

(१) सञ्चालकहरुको नियुक्ति वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ । तर स्वतन्त्र तथा व्यावसायिक विशेषज्ञ सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्नेछ ।

(२) यस कम्पनीमा ७ जनाको सञ्चालक समिति हुनेछ । जसमा नेपाल विद्युत प्राधिकरणले तोकेको ३ जना, विद्युत उत्पादन कम्पनीले तोकेको १ जना, राष्ट्रिय प्रसारण ग्रीड कम्पनीले

तोकेको १ जना, जलविद्युत लगानी तथा विकास कम्पनीले तोकेको १ जना र स्वतन्त्र सञ्चालक १ जना हुनेछन् ।

(३) सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

(४) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्ति जुन प्रक्रियाबाट पहिले सञ्चालक नियुक्त भएको थियो सोही प्रक्रियाबाट गरिनेछ । कुनै सञ्चालकको कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकी कार्यकालसम्मको लागि मात्र हुनेछ ।

तर बार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको सञ्चालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारणसभासम्मको लागि सञ्चालक समितिले सोहि समुह/उपसमूहबाट सञ्चालक नियुक्त गर्नेछ ।

(५) संगठित संस्थाले सञ्चालक नियुक्त गर्दा निजको बैकल्पिक सञ्चालक पनि नियुक्त गर्न सक्नेछ ।

(६) सञ्चालकको निर्वाचनको लागि समितिले निर्वाचन निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(७) सञ्चालकहरुले आफुमध्येबाट बहुमतले छानेको कुनै एकजना व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुनेछ ।

(८) यस कम्पनीको प्रथम वार्षिक साधारणसभा नभएसम्म संस्थापकहरुको तर्फबाट सो संस्थाको प्रमुख भई कार्य गर्ने अधिकारीले सञ्चालक तथा वैकल्पिक सञ्चालक नियुक्त गर्न सक्नेछ ।

२८. <u>सञ्चालक हुन लिनुपर्ने न्यूनतम शेयर संख्याः</u>

यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ ।

तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

२९. <u>शेयरधनी बाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता, तथा नियुक्ति प्रक्रियासम्बन्धी व्यवस्थाः</u>

(१) प्रचलित कम्पनी कानूनले व्यवस्था गरेबमोजिम सञ्चालक समितिले १ जना स्वतन्त्र सञ्चालक नियुक्त गर्नेछ ।

(२) निजको कार्यकाल ४ वर्षको हुनेछ र निज लगातार २ कार्यकालभन्दा वढीको लागि नियुक्त हुनसक्ने छैन ।

(३) निजको काम, कर्तव्य, अधिकार तथा सुविधा अन्य सञ्चालकसरह हुनेछ ।

(४) स्वतन्त्र र व्यावसायिक सञ्चालकको काम, कर्तव्य, जवाफदेही तथा सुविधा अन्य सञ्चालक सरह हुनेछ ।

(५) देहायबमोजिम योग्यता पूरा गरेको व्यक्तिलाई मात्र स्वतन्त्र सञ्चालकमा नियुक्त गर्न सकिनेछः

(क) इन्जिनियरिङ (सिभिल, इलेक्ट्रीकल, मेकानिकल), वाणिज्यशास्त्र वा वाणिज्य कानून वा अन्तर्राष्ट्रिय व्यापारमा स्नातकोत्तर गरी विद्युत वा वाणिज्य वा कम्पनी क्षेत्रमा कम्तीमा स्नातकपछि ८ वर्षको कार्यानुभव भएको वा

(ख) इन्जिनियरिङ (सिभिल, इलेक्ट्रीकल, मेकानिकल), वाणिज्यशास्त्र वा वाणिज्य कानून वा अन्तर्राष्ट्रिय व्यापारमा स्नातक गरी विद्युत वा वाणिज्य वा कम्पनी क्षेत्रमा कम्तिमा १२ वर्षको कार्यानुभव भएको ।

३०. <u>सञ्चालक पुनः नियुक्त हुनसक्ने वा नसक्नेः</u>

एक पटक सञ्चालक भइसकेको व्यक्ति पुनः सञ्चालकमा नियुक्त हुन सक्नेछ ।

३१. <u>सञ्चालक नियुक्तिसम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउनेः</u>

देहायबमोजिम योग्यता पूरा गरेको व्यक्तिलाई मात्र व्यवसायिक सञ्चालकमा नियुक्त गर्न सकिनेछः

(क) इन्जिनियरिङ (सिभिल, इलेक्ट्रीकल, मेकानिकल), वाणिज्यशास्त्र वा वाणिज्य कानून वा अन्तर्राष्ट्रिय व्यापारमा स्नातकोत्तर गरी विद्युत वा वाणिज्य वा कम्पनी क्षेत्रमा कम्तिमा स्नातकपछि ८ वर्षको कार्यानुभव भएको वा

(ख) इन्जिनियरिङ (सिभिल, इलेक्ट्रीकल, मेकानिकल), वाणिज्यशास्त्र वा वाणिज्य कानून वा अन्तर्राष्ट्रिय व्यापारमा स्नातक गरी विद्युत वा वाणिज्य वा कम्पनी क्षेत्रमा कम्तीमा १२ वर्षको कार्यानुभव भएको ।

३२. <u>सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधासम्बन्धी व्यवस्थाः</u>

(१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोके बमोजिम हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि पहिलो साधारण सभा नभएसम्म त्यस्तो पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा सञ्चालक समिति आफैले तोक्न सक्नेछ ।

तर यसरी एकपटक तोकिएको पारिश्रमिक, भत्ता तथा सुविधा प्रथम वार्षिक साधारण सभा नभएसम्म परिवर्तन गर्न सकिने छैन ।

३३. <u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकारहरुः</u>

समितिको काम कर्तव्य र अधिकार प्रचलित ऐन, नियम तथा निर्देशन अनुरुप हुनेछ र सोमा उल्लेख नभएकोमा कम्पनी ऐनमा व्यवस्था गरिए अनुसार हुनेछ ।

३४. <u>अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्थाः</u>

(१) सञ्चालक समितिले आफ्नै गर्नुपर्ने वाहेक अन्य कार्य गर्न अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(२) ऐन, प्रबन्ध-पत्र र यस नियमावलीको अधीनमा रही समितिले व्यक्ति, पदाधिकारी, उपसमिति र विषय खुलाई निर्णय गरे बमोजिम अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

३५. प्रबन्ध सञ्चालकसम्बन्धी व्यवस्थाः

(१) सञ्चालक समितिले सञ्चालकहरुमध्येबाट एकजना प्रबन्ध सञ्चालक नियुक्त गर्न सक्नेछ । ऐनको अधीनमा रही समितिले प्रबन्ध सञ्चालकको पदावधि, पारिश्रमिक तथा सेवाका अन्य शर्त र काम, कर्तव्य तथा अधिकार तोक्न सक्नेछ ।

(२) सञ्चालक समितिले प्राधिकरणबाट प्रतिनिधित्व गर्ने सञ्चालकलाई प्रबन्ध सञ्चालकमा नियुक्त गरेको अवस्थामा निजलाई प्राधिकरणले काजमा खटाई दिन सक्नेछ ।

(३) प्राधिकरणबाट कम्पनीमा मनोनित सञ्चालकलाई निजको कार्यावधि पूरा नभए तापनि प्राधिकरणले फिर्ता बोलाउन सक्नेछ ।

३६. प्रमुख कार्यकारी अधिकृतसम्बन्धी व्यवस्थाः

(१) समितिले प्रबन्ध सञ्चालक नियुक्त नगर्ने निर्णय गरेको अवस्थामा ऐन र नियमावलीको अधीनमा रही कम्पनीको कार्यकारी प्रमुखको रुपमा ४ वर्षका लागि प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ ।

(२) कार्यकारी प्रमुख कम्पनीको प्रशासक हुनेछ र निजको योग्यता निम्नबमोजिम हुनेछः

(क) इन्जिनियरिङ्ग (सिभिल, इलेक्ट्रीकल, मेकानिकल) विषयमा कम्तीमा स्नातक गरी विद्युत वा कम्पनी क्षेत्रमा कम्तीमा १२ वर्षको कार्यानुभव भएको ।

(ख) इन्जिनियरिङ्ग (सिभिल, इलेक्ट्रीकल, मेकानिकल) विषयमा स्नातकोत्तर गरेको र विद्युत वा कम्पनी क्षेत्रमा स्नातकपछि कम्तीमा ८ वर्षको कार्यानुभव भएको ।

(३) कार्यकारी प्रमुखको पारिश्रमिक र सेवाको अन्य शर्त समितिले तोके बमोजिम वा करारद्वारा निश्चित हुनेछ ।

तर सञ्चालक कार्यकारी प्रमुखको रुपमा नियुक्त भएमा निजको पारिश्रमिक तथा भत्ता सुविधाहरु साधारण सभाले तोके बमोजिम हुनेछ ।

(४) कार्यकारी प्रमुखको पदावधि बढीमा चार वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ ।

(५) कार्यकारी प्रमुख/प्रबन्ध सञ्चालकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) सञ्चालक समितिको निर्णय लागू गर्ने र प्रचलित कानून, प्रबन्ध-पत्र र यस नियमावलीको अधीनमा रही कम्पनीको काम कारबाही तथा कारोवारको रेखदेख र नियन्त्रण गर्ने,

(ख) कम्पनीको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि सञ्चालक समितिसमक्ष पेश गर्ने,

(ग) कम्पनीको कर्मचारी विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(घ) सञ्चालक समिति र साधारण सभाद्वारा गरिएका निर्णय र सम्बन्धीत निकायद्वारा दिइएका निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ) धितोपत्रसम्बन्धी कानून, प्रबन्ध-पत्र र यस नियमावलीको अधीनमा रही कम्पनीले सम्बन्धीत निकायमा वा अन्य कुनै निकायमा पेश गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने,

(च) कम्पनी सञ्चालन गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने,

(छ) कम्पनीको तर्फबाट सरकारी निकाय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवसायिक प्रतिष्ठानहरुमा प्रतिनिधित्व गर्ने,

(ज) कम्पनीको तर्फबाट कानूनी कारबाहीसम्बन्धी कार्य गर्नुपरेमा सम्पूर्ण कार्य गर्ने ।

(६) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु करारद्वारा समेत निश्चित गरिनेछ ।

३७. <u>सञ्चालक समितिको बैठक कसले बोलाउने हो सो कुरा खुलाउनेः</u>

सञ्चालक समितिको बैठक अध्यक्षको आदेश बामोजिम कम्पनी सचिवले बोलाउने छ र कम्पनी सचिव नियुक्त नभएको वा अनुपस्थित भएको अवस्थामा कार्यकारी प्रमुखले समितिको बैठक बोलाउन सक्नेछ ।

३८. <u>सञ्चालक समितिको बैठकसम्बन्धी कार्यविधिः</u>

(१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार नियम ३७ मा लेखिएको पदाधिकारीले बोलाउनेछ । त्यसरी बैठक नबोलाएमा कूल सञ्चालक संख्याको कम्तीमा पच्चीस प्रतिशत सञ्चालकहरुले माग गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चीस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउँदा अन्य सञ्चालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनुपर्नेछ ।

(२) सञ्चालक समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरको ठेगानामा लिखित रुपमा वा विद्युतीय सञ्चार माध्यमबाट दिन सकिनेछ ।

(३) सञ्चालकहरु सञ्चालक समितिको बैठकमा स्वयम् उपस्थित हुनुपर्नेछ ।

तर वैकल्पिक सञ्चालक नियुक्त गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक अनुपस्थित भएको अवस्थामा निजको वैकल्पिक सञ्चालक उपस्थित हुन सक्नेछ ।

(४) सञ्चालकहरुको संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको बैठक बस्न सक्ने छैन ।

तर गणपूरक संख्या नपुगी सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि गणपूरक संख्या नपुगेमा उपस्थित सञ्चालकहरुले गरेको काम कारबाही तथा निर्णय मान्य हुनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर सञ्चालक समितिको बैठकमा आफ्ना निजी सरोकार वा स्वार्थ भएको विषयमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

(७) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै सञ्चालकले आफ्नो असहमति जनाई राय लेख्न वा राख्न पाउनेछ ।

(८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्य लिखितरुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । त्यस्तो सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णयसरह मानिनेछ ।

३९. **सञ्चालक समितिको निर्णयको अभिलेखः**

(१) सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठक उपस्थित सम्पूर्ण सञ्चालकहरुमध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकले सही गर्नु पर्नेछ ।

तर बैठकमा उपस्थित कुनै सञ्चालकले निर्णयको विवरणमा सही नगरेकै कारणबाट त्यस्तो निर्णय अमान्य भएको मानिनेछैन ।

(२) विद्युतीय सञ्चार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय सञ्चार साधन कम्प्युटरको माध्यमबाट पनि निर्णको विवरण राख्न सकिनेछ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरबदल गर्न नपाउने पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।

(३) कुनै शेयरधनीले सञ्चालक समितिको निर्णय कार्यालय समयभित्र निरीक्षण गर्न सक्नेछ ।

## परिच्छेद - ५

## हिसाब-किताब, लेखा तथा लेखापरीक्षण

४०. **कम्पनीको हिसाबकताब, लेखा तथा लेखापरीक्षणः**

(१) यस कम्पनीको लेखा तथा हिसाब-किताब प्रचलित कानूनअनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्डअनुरुप तयार गरिनेछ ।

(२) कम्पनीले राख्नुपर्ने सबै हिसाब-किताब प्रतिदिनको कारोबार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नुपर्नेछ।

(३) ऐनबमोजिम तोकिएको रकमभन्दा बढी रकमको वार्षिक कारोबार भएको आर्थिक वर्षमा यस कम्पनीले आफ्नो हिसाब-किताब लेखापरीक्षण गराउनेछ ।

(४) कम्पनीको साधारण सभाले ऐनबमोजिम लेखापरीक्षक नियुक्त गर्नेछ । त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र निजको नाम कार्यलयमा पठाउनेछ ।

तर प्रथम साधारण सभा हुनु भन्दा अघि सञ्चालक समितिले लेखापरीक्षक नियुक्त गर्नेछ ।

(५) उपनियम (४) बमोजिम लेखापरीक्षकले आफूले लेखापरीक्षण गरेको हिसाब-किताब र लेखाबाट कम्पनीको वासलात, नाफा-नोक्सानीको हिसाब एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ । कम्पनीले त्यस्तो प्रतिवेदनको प्रतिलिपि प्रत्येक शेयरधनी र कार्यालयलाई पठाउनु पर्नेछ ।

(६) कम्पनीको अद्यावधिक हिसाब-किताब कुनै शेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यलय समयभित्र यथाशीघ्र निरीक्षण गर्न दिनु पर्नेछ ।

४१. <u>लेखापरीक्षण समितिसम्बन्धी व्यवस्थाः</u>

कम्पनीले कम्पनीसम्बन्धी प्रचलित कानून र सम्बन्धित निकायले जारी गरेको निर्देशनको अनुकूल हुनेगरी लेखापरीक्षण समितिको व्यबस्था गर्नेछ ।

## परिच्छेद - ६
## विविध

४२. <u>लाभांश सम्बन्धी व्यवस्थाः</u>

(१) लाभांश वितरण गर्ने निर्णय भएको पैतीस दिनभित्र लाभांश वितरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र लाभांश वितरण नगरेमा दश प्रतिशतका दरले लाभांशको ब्याजसमेत थप गरी लाभांशको रकम भुक्तानी गर्नुपर्नेछ ।

(३) कम्पनीले प्रचलित कानूनको अधीनमा रही सम्बन्धीत निकायको स्वीकृतिबमोजिम अन्तरिम लाभांश वितरण गर्न सक्नेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले शेयरबापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई प्राप्त हुने लाभांश रोक्का राख्न सकिनेछ ।

४३. <u>शेयरधनी, डिबेञ्चरवाला, सञ्चालक र पदाधिकारीलाई दिईने तथा निजबाट प्राप्त हुने सूचनाः</u>

कम्पनीले शेयरधनी, डिबेञ्चरवाला, सञ्चालक वा पदाधिकारीहरुलाई र शेयरधनी वा डिबेञ्चरवालाहरुले कम्पनीका सञ्चालक वा कम्पनीका पदाधिकारीलाई कुनै सूचना वा जानकारी वा विद्युतीय वा अन्य कुनै माध्यमबाट दिन सक्नेछ ।

४४. <u>कम्पनी सचिव सम्बन्धी व्यवस्थाः</u>

(१) प्रचलित कम्पनी ऐनमा भएको व्यवस्थाको अधीनमा रही नेपाली नागरिकलाई सञ्चालक समितिले कम्पनीको कम्पनी सचिवको पदमा नियुक्त गर्नेछ ।

(२) उपनियम (१) बमोजिम कम्पनी सचिवको नियुक्ति गर्दा कम्पनीमा कार्यरत कर्मचारीलाईसमेत कम्पनी सचिवको काम गर्ने जिम्मेवारी दिन सकिनेछ । तर उल्लिखित योग्यता पुगेको कम्पनीमा कार्यरत कर्मचारीबाहेक कुनै पनि नेपाली नागरिकलाई कम्पनी सचिवको पदमा नियुक्त गर्दा निजको पदावधि, सेवा र शर्तसम्बन्धी व्यवस्था सञ्चालक समितिले तोकेबमोजिम हुनेछ ।

(३) कम्पनी सचिवको काम, कर्तव्य र अधिकार प्रचलित कम्पनी कानूनमा उल्लेख भएबमोजिम हुनेछ ।

४५. <u>कम्पनीको छापसम्बन्धी व्यवस्थाः</u>

(१) कम्पनीको छाप प्रबन्ध निर्देशकको मातहतमा रहनेछ, जसको प्रयोग कम्पनीको कारोबारको प्रयोजनको लागि गरिनेछ । निजले कम्पनीका अन्य कर्मचारीहरुलाई छापको प्रयोग गर्ने गरी जिम्मेवारी सुम्पन सक्नेछ ।

(२) कम्पनीको छाप अनाधिकृतरुपमा प्रयोग गरी कम्पनीलाई कुनै दायित्व सिर्जना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्वबापत सिर्जना हुने रकम असुलउपर गरिनेछ ।

४६. प्रतिलिपि दस्तुरसम्बन्धी व्यवस्थाः

(१) कम्पनीको प्रवन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, शेयरधनीको दर्ता किताब, दर्ता प्रमाण-पत्र वा कम्पनीको तर्फबाट कार्यालयमा पेश गरिएको कुनै लिखतको प्रतिलिपि कुनै शेयरधनी वा अरु सरोकारवालाले माग गरेमा रु. १०।- दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।

(२) साधारण सभा गर्ने कम्पनी भए साधारण सभाको काम कारबाहीको विवरणको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु. ५।- दस्तुर लाग्नेछ ।

(३) सञ्चालक समिति रहने कम्पनी भए सञ्चालक समितिको निर्णयको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु. १०।- दस्तुर लाग्नेछ ।

(४) शेयर प्रमाण-पत्रको प्रतिलिपि प्राप्त गर्न रु. ५०।- दस्तुर लाग्नेछ ।

(५) शेयरधनी वा डिबेञ्चरवालाको दर्ता किताबको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु. १०।- दस्तुर लाग्नेछ ।

४७. कम्पनी गाभिने व्यवस्थाः

(१) यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई अर्को कुनै कम्पनीमा गाभ्न आवश्यक भएमा कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी वा साधारण सभा नगर्ने कम्पनी भए सर्वसम्मत सम्झौतामा उल्लेखित व्यवस्थाअनुसार ऐनबमोजिम अर्को कम्पनीलाई गाभ्न वा आफू अर्को कम्पनीमा गाभिन सक्नेछ ।

(२) कुनै कम्पनी अर्को कम्पनीसँग गाभिँदा शेयरको हेरफेर, हस्तान्तरण वा कम्पनीको सम्पूर्ण जायजेथा बिक्रीमा सहमति नजनाउने शेयरधनीको हकमा सम्बन्धीत निकायको स्वीकृति लिई प्रचलित कानूनको अधीनमा रहि विशेष व्यवस्था गर्न सकिनेछ ।

४८. कम्पनीको खारेजीः

(१) प्रचलित कानूनको अधीनमा रही कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नेछ । त्यसरी नियुक्त भएमा लिक्विडिटेर तथा लेखा परीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिएबमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजी सम्बन्धी काम कारबाही गर्नेछन ।

४९. कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुराः

प्रकाशन र वितरकसम्बन्धी कार्य गर्न प्रचलित कानूनबमोजिम कुनै निकायको इजाजत लिनुपर्ने भएमा सो बमोजिम इजाजत लिई कार्य गरिनेछ ।

५०. <u>अन्य आवश्यक कुराः</u>

(१) कम्पनीको आर्थिक वर्ष श्रावण १ गतेदेखि आषाढ मसान्तसम्म हुनेछ ।

(२) यस कम्पनीको कारोवारसम्वन्धमा शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कवुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(३) कम्पनीको आन्तरिक कार्य नियमित र व्यवस्थित गर्नको लागि सञ्चालक समितिले आवश्यक विनियमावली बनाई लागु गर्न सक्नेछ ।

(४) कम्पनीको कार्य सम्पादन गर्दा कुनै बाधा अडकाउ परेमा कम्पनी ऐन, प्रबन्ध-पत्र र नियमावलीको अधीनमा रही सञ्चालक समितिले बाधा अडकाउ फुकाउन सक्नेछ ।

(५) कम्पनीको कुनै कार्य सम्पादन गर्ने क्रममा उक्त कार्य कुन निकाय वा पदाधिकारीले गर्ने भन्ने सम्बन्धमा कानूनमा स्पष्ट व्यवस्था नभई द्विविधा भएमा उक्त कार्य सञ्चालक समितिले सम्पादन गर्न सक्नेछ ।

५१. <u>नियमावली संशोधन भएमा लागू हुने अवस्थाः</u>

(१) कम्पनीले यस नियमावलीमा कुनै संशोधन गर्नुपर्ने भएमा प्रचलित कम्पनी कानूनको व्यवस्थाको अधीनमा रही गरिनेछ त्यस्तो संशोधन कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

(२) कम्पनीसम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो नियमावली पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस नियमावलीमा समेत सोही अनुरुप संशोधन गर्नु पर्नेछ ।

५२. <u>नियमावली बाझिएको हदसम्म अमान्य हुनेः</u>

यस नियमावलीमा लेखिएका कुराहरु प्रचलित ऐन, कानून वा प्रवन्धपत्रसँग बाझिएमा बाझिएको हदसम्म त्यस्तो कुरा स्वतः बदर हुनेछ ।

५३. <u>संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषणः</u>

हामी [illegible] इन्जिनियरिङ कम्पनी लिमिटेडको संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानूनबमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षीसम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानूनबमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेको छौं ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबुको नाम | ना.प्र.नं. र जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | ना.प्र.नं. र जिल्ला |
|---|---|---|---|---|---|
| द. ..........................<br>१. नामः नेपाल विद्युत प्राधिकरणको तर्फबाट अख्तियारी प्राप्त ऐ. को कार्यकारी निर्देशक कुलमान घिसिङ<br>२. ठेगानाः का.जि.का.म.न.पा.-३१<br>छाप | | | ५,१०,००० | द.<br>नामः दिनेश कुमार घिमिरे<br>ठेगानाः का.म.न.पा.-३२<br>दा. वा. | |
| द. ..........................<br>१. नामः विद्युत उत्पादन कम्पनी लि.को तर्फबाट अख्तियारी प्राप्त सञ्चालक चिरञ्जीवी चटौत<br>२. ठेगानाः का.जि.का.म.न.पा.<br>छाप | | | १,७०,००० | द.<br>नामः श्रीप्रसाद देवकोटा<br>ठेगानाः का.म.न.पा.-३२<br>दा. वा. | |
| द. ..........................<br>१. नामः राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लि. को तर्फबाट डा. नेत्र प्रसाद ज्ञवाली<br>२. ठेगानाः का.जि.का.म.न.पा.<br>छाप | | | १,७०,००० | द.<br>नामः चिरञ्जीवी प्रसाद घिमिरे<br>ठेगानाः का.म.न.पा.-३२<br>दा. वा. | |
| द. ..........................<br>१. नामः जलविद्युत लगानी तथा विकास कम्पनी लि.को तर्फबाट मुक्ति बोध न्यौपाने<br>२. ठेगानाः का.जि.का.म.न.पा.<br>छाप | | | १,५०,००० | द.<br>नामः यादव प्रसाद रिमाल<br>ठेगानाः चारघरे-६, नुवाकोट<br>दा. वा. | |

मस्यौदाकार कानून व्यवसायी

दस्तखतः

नामः डा. दिन मणि पोखरेल

अधिवक्ता प्र.प.सं. ४५७८

ठेगानाः महाराजगंज, काठमाडौं

इति सम्वत् २०७३ साल पुष .....गते रोज .... शुभम् ..................................